बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय चितवन

भरतपुर, चितवन, नेपाल

## काठ / दाउरा सिलवन्दी बोलपत्रद्वारा संकलन गरी घाटगद्दी गर्ने वारेको सुचना

प्रथम पटक सुचना प्रकाशन मिति २०८३।०६।२९

यस कार्यालय अन्तर्गत भरतपुर महानगरपालिका वडा नं. ११ स्थित जलदेवी सामुदायिक वन (संरक्षित क्षेत्र / सरकारद्वारा व्यवस्थित वन) को ९.९ हेक्टर वन क्षेत्रमा भरतपुर महानगरपालिकाको फोहोरमैला व्यवस्थापनका लागि ल्यान्डफिल साइट निर्माण गर्ने स्थलमा पर्ने प्लट नं १ देखी ४ सम्मको रुख/पोल संख्या २५०६ को अनुमानित आयतन काठ ३९७९१.९४ क्यु.फि. र ५७.६६ चट्टा दाउरा कटानमुछान, ढुवानी, पाइलिङ, तथा दाउरा चट्टा लगाइ घाटगद्दी गराउने कार्य सिलवन्दी बोलपत्र प्रकिया द्वारा गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । बोलपत्रको प्रतिष्पर्धामा वन पैदावारको कारोबार गर्ने उद्देश्यले दर्ता भई डिभिजन वन कार्यालयमा सुचिकृत तथा अध्यावधिक भएका इच्छुक फर्म वा उद्योगले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र वन तथा भु-संरक्षण विभाग ववरमहल काठमाण्डौ, वन निर्देशनालय हेटौडा वा यस कार्यालयवाट खरिद गरी प्रत्येक प्लटको छुट्टाछुट्टै सिलवन्दी बोलपत्र खरिद गरेको कार्यालयमा नै तोकिएको मिति र समयमा दाखिला गर्नुहुन आव्हान गरिन्छ।

तपशिल:

१. प्लटको विवरण

| सि.नं. | सब डि.व.का. | प्लटको नाम | प्लट नं | जात | रुख संख्या | नेट आयतन क्यु.फि. | जर्ना चट्टा | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १ | भरतपुर | जलदेवी संरक्षित | १ | साल समेत | ९४६ | ८४५५.३१ | १६.४३ | |
| २ | भरतपुर | जलदेवी संरक्षित | २ | साल समेत | ६१८ | ९९२८.७८ | १३.०० | |
| ३ | भरतपुर | जलदेवी संरक्षित | ३ | साल समेत | ३७८ | १०८१६.११ | १४.११ | |
| ४ | भरतपुर | जलदेवी संरक्षित | ४ | साल समेत | ५६४ | १०६०१.७४ | १४.१२ | |
| जम्मा | | | | | २५०६ | ३९७९१.९४ | ५७.६६ | |

२. बोलपत्र खरिद/दाखिला वा पेश गर्ने र खोल्ने मिती र समयः

क. बोलपत्र खरिद गर्ने समय र मितिः २०८३।०७।१२ गते कार्यालय समय भित्र । सो दिन बिदा परेमा सोको भोलिपल्ट ।
ख. बोलपत्र पेश गर्ने मिति र समयः २०८३।०७।१३ गते दिनको १:०० वजे सम्म । सो दिन बिदा परेमा सोको भोलिपल्ट ।
ग. बोलपत्र खोल्ने मिति र समयः वन तथा भु.संरक्षण विभाव ववरमहल काठमाण्डौ र वन निर्देशनालय बागमती प्रदेश हेटौडा मकवानपुर बाट प्राप्त हुन आए पश्चात तोकिएको मिती र समयमा साक्षिहरुको रोहवरमा खोलिनेछ ।

३. वोलपत्र फाराम वन तथा भु.संरक्षण विभाग ववरमहल काठमाण्डौ, डिभिजन वन कार्यालय चितवन वा वन निर्देशनालय बागमती प्रदेश हेटौडा वाट प्रत्येक प्लटको छुट्टाछुट्टै खरिद गरी दाखिला गर्न सकिनेछ ।

४. वोलपत्र साथ कवुल रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम राष्ट्रिय वाणिज्य वैंकमा रहेको प्रदेश लेखा इकाइ कार्यालय चितवनको खाता नं १३१०१००२०२०३०००० मा डिभिजन वन कार्यालय चितवनको नाम वाट

बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय चितवन

भरतपुर, चितवन, नेपाल

कार्यालय कोड ३१२१२३१०१३ मा जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ । धरौटी रकम नगद पेश गर्न पाउने छैन ।

५. बैंक जमानत धरौटीको रुपमा पेश गरिएमा यस्तो जमानत कम्तिमा ६ महिनाको लागी हुनु पर्नेछ ।

६. बोलपत्र फाराममा उल्लेख भएको प्रति लटको रु १००० वा २००० पछि फिर्ता नहुने गरी राष्ट्रिय वाणिज्य बैंकमा राजश्व शिर्षक १४२२९ अन्य प्रशासनिक सेवा शुल्क वापत प्रत्येक लटको लागि छुट्टाछुट्टै भौचर पेश गरि खरिद गर्नु पर्नेछ ।

७. वोलपत्र वाट कटान भई उत्पादन भएको काठ दाउराको कटान तथा घाटगद्दी रजिष्टर र पन्ध्ररोजामा उल्लेखित वमोजिमको परिमाणलाई वोलपत्रमा सकार गरेको प्रति क्यु. फि. काठ र प्रति चट्टा दाउरा वमोजिमको दररेटको आधारमा सम्वन्धित सव डिभिजन वन कार्यालयवाट कार्य सम्पन्न भएको भनि लगत प्रमाणित गरि सिफारिस भई आए वमोजिम भुक्तानी गर्नेछ ।

८. लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, डिभिजन वन कार्यालयमा सुचिकृत भइ अध्यावधिक भएको प्रमाणपत्रको प्रतिलिपी, कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी र मु.अ.कर दर्ताको प्रमाणपत्र प्रतिलिपी वोलपत्र साथ पेश गर्नुपर्नेछ ।

९. निर्धारीत न्युनतम संख्याका र रित पुर्वक पर्न आएका वोलपत्रहरु वन तथा भु.संरक्षण विभाग ववरमहल, वन निर्देशनालय वागमती प्रदेश हेटौडा वाट प्राप्त हुन आए पश्चात कार्यालय समयमा साक्षिहरुको रोहवरमा खोलिनेछ ।

१०. बोलपत्र स्वीकृत भएको जानकारी प्राप्त भएको ७ (सात) दिन भित्र संझौता गरी रितपुर्वक वन पेशी पुर्जी लिई तोकिएको प्लटमा कार्य प्रारम्भ गर्नु पर्नेछ ।

११. वोलपत्रमा सकार गरिएको रकम अंक र अक्षरमा दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ र काठ कटान मुछान, ढुवानी र पाइलिङ तथा दाउरा कटान मुछान ढुवानी र चट्टा लगाउने कार्यको प्रति क्युफिट र प्रति चट्टाको सकार अंक वोलपत्रमा अलग अलग खुलाइ पेश गर्नु पर्नेछ र दुवैको प्रति इकाइ संकलन खर्चको सवै भन्दा कम अंकको आधारमा वोलपत्र तुलना गरिनेछ ।

१२. वोलपत्र खरिदको लागि निवेदन पेश गर्दा सम्वन्धित फर्म वा उद्योगको प्रोपाइटर स्वयं उपस्थित हुनुपर्ने वा निजको प्रतिनिधीले सक्कलै अख्तियारनामा सहित परिचय पत्र पेश भएमा मात्र वोलपत्र उपलव्ध गराइनेछ ।

१३. वोलपत्रहरु पुर्ण वा आंशिक सदर वा बदर गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१४. अन्य कुराहरु प्रचलित कानुन वमोजिम हुनेछ ।

बिष्णु प्रसाद आचार्य
वरिष्ठ डिभिजनल वन अधिकृत